कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मा.मन्त्रीज्यू: ०८३-५२५६
सचिवज्यू: ०८३-५२२५२१
प्रशासन शाखा: ०८३-५२
फ्याक्स नं.०८३-५२५७७५

पत्र संख्या : २०७९।०८० (विपद् व्यवस्थापन शाखा) च.नं. मिति: २०७९/०९/१०

# विज्ञप्ति ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण नेपालमा कम हुदै गएता पनि छिमेकी देश लगायत केही अन्य देशहरुमा संक्रमणका नयाँ स्वरुप (भेरियन्ट) NF.7 को दिनप्रतिदिन बढ्दो दर रहेको र उक्त भेरियन्ट नेपालमा हालसम्म पुष्टि भई नसकेता पनि खुला सिमानाका कारण सोको जोखिम तथा असर नेपालमा पनि पर्न सक्ने अवस्था प्रति अत्यन्त सजग एवं सचेत र सुसूचित हुन जरुरी छ ।

विगतमा फैलिएको कोभिड-१९ का कारण हामीले व्यहोर्नु परेको क्षतिको व्यहोरा सर्वविदितै छ । यसै सन्दर्भमा स्थानीय तह, जिल्ला स्थित विपद् व्यवस्थापन समिति, सुरक्षा समिति, स्वास्थ्य कार्यालय लगायत सम्पूर्ण सरोकारवालाहरु चनाखो हुन आवश्यक छ। सार्वजनिक यातायातका साधन तथा बढी भिडभाड हुने स्थानहरुमा मास्क तथा सेनिटाईजरको प्रयोग गर्ने, एक अर्कामा भौतिक दूरी कायम राखे, व्यक्तिगत सरसफाई लगायत आवश्यक स्वास्थ्य प्रोटोकल पालना गर्ने व्यवस्था मिलाउन साथै कोभिड-१९ को खोप लगाउन हुन कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय सवैमा हार्दिक अपिल गर्दछ ।

मिति २०७९।०९।१०


विपद् शाखा इमेलः moial.bipad@gmail.com